Gen Z Movement Alliance | नेपाल जेन-जी फ्रन्ट | THE COUNCIL OF GEN Z | GEN Z Civic Forum

# प्रेस विज्ञप्ति

वि.सं.: २०८२ फागुन १३ गते

ने.सं. ११४६ चिला ९ गते

**विषयः गौरी बहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गरी कार्यान्वयन गर्न खबरदारीका लागि सञ्चारमाध्यमलाई अपील**

गौरी बहादुर कार्कीको नेतृत्वमा गठित जाँचबुझ आयोगको प्रतिवेदन तोकिएको मिति फाल्गुन २२ भन्दा एक दिन पनि म्याद नथपी सार्वजनिक गरी कार्यान्वयन गर्न तथा न्याय सुनिश्चित गर्न हामी जेन-जी जनआन्दोलनका प्रतिनिधिहरू गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं । वि.सं. २०८२ साल भाद्र २३ र २४ गते भएको जेन-जी जनआन्दोलनका क्रममा ७६ जना नेपाली नागरिकको गैरन्यायिक हत्या र २,२१३ जना भन्दा बढी घाइते भएको दुःखद घटना नेपाली समाजको सामूहिक स्मृतिमा अझै ताजा छ । भ्रष्टाचार निवारण र वाक/डिजिटल स्वतन्त्रताको हक सुनिश्चितताका लागि युवाहरूले भाद्र २३ गते शान्तिपूर्ण रूपमा आह्वान गरेको सडक आन्दोलनमाथि तत्कालीन सरकारले गरेको बर्बर दमनका कारण नेपाली नागरिकको गैरन्यायिक हत्या भएको र त्यसले भाद्र २४ गतेको थप जटिल अवस्था निम्त्याएको तथ्य सबैलाई विदित नै छ ।

देश अराजकताको डिलमा पुगेको सङ्क्रमणकालीन अवस्थालाई न्यायोचित ढङ्गले सम्हाल्न, शान्ति, सुव्यवस्था तथा सुरक्षा कायम गर्न, जेन-जीले उठाएका मागहरू सम्बोधन गर्न र भाद्र २३ र २४ का घटनामा न्याय सुनिश्चित गर्न हामीले पूर्व प्रधानन्यायाधीश सुशिला कार्कीको नेतृत्वको मन्त्रीपरिषद्लाई राज्यको बागडोर सुम्पिने सामुहिक निर्णय गरेका थियौं । आज ती कहालीलाग्दा दिनहरूबाट देश प्रतिनिधि सभा निर्वाचनको मुखमा आइपुगेको छ । अन्तरिम नागरिक सरकारले फागुन २१ गते खुला, शान्तिपूर्ण तथा निष्पक्ष निर्वाचन गराई देशलाई पुनः संवैधानिक मार्गमा फर्काउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं र यसका लागि हामी नागरिक सरकारसँगै दृढ रूपमा उभिएका छौं ।

निर्वाचन मात्र नभई गौरी बहादुर कार्कीको नेतृत्वमा गठित जाँचबुझ आयोगले भाद्र २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन गरी यही अन्तरिम सरकारले प्रतिवेदन सार्वजनिक गरी दोषीलाई न्यायोचित कारबाही गर्ने प्रक्रिया अघि बढाउँछ भन्ने अपेक्षा हाम्रो थियो । तर पछिल्लो समय जाँचबुझ आयोगको म्याद पटकपटक थपिँदै जानु र निर्वाचनपछि फागुन २२ गतेसम्मका लागि म्याद थप गरिएको अवस्थाले हामीलाई गम्भीर रूपमा चिन्तित बनाएको छ ।

Gen Z Movement Alliance | नेपाल जेन-जी फ्रन्ट | THE COUNCIL OF GEN Z | GEN Z Civic Forum

वि.सं. २०४६ सालको मल्लिक आयोग, २०६२/६३ को रायमाझी आयोग र २०७२ सालको लाल आयोगका प्रतिवेदनहरूजस्तै यो प्रतिवेदन पनि सार्वजनिक नहुने र फेरि एकपटक न्याय ओझेलमा पर्ने हो कि भन्ने शङ्का उत्पन्न भएको छ । यदि त्यसो भयो भने हामी न्यायको पक्षमा फेरि पनि सडकमा आउन बाध्य हुनेछौं । यसै विषयमा हामीले सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष निर्वाचन लगत्तै जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने स्पष्ट सार्वजनिक प्रतिबद्धता जनाउन खबरदारीपूर्ण मागपत्र भोलि मिति २०८२ फागुन १४ गते बिहान ११ बजे बुझाउँदैछौं । त्यही मागको निरन्तरताका रूपमा आसन्न निर्वाचनबाट आउने नयाँ प्रतिनिधिसभा र त्यसले गठन गर्ने सरकारले उक्त प्रतिवेदनको अपनत्व लिई दोषीहरूलाई कारबाही गर्ने, पीडितलाई न्याय दिलाउने र दण्डहीनताको परम्पराको अन्त्य गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्ने भएकाले राजनीतिक दलहरूलाई पनि खबरदारीपूर्ण ध्यानाकर्षण गराउँदछौं ।

जेन-जी जनआन्दोलनको पहिलो माग न्याय हो । यो न्यायको पर्खाइमा शहीद परिवार, घाइते आन्दोलनकारी सहयोद्धा साथीहरू र हरेक नेपाली नागरिक छन् । लोकतन्त्रमा सञ्चारमाध्यमलाई "चौथो अङ्ग" मानिन्छ । सञ्चारमाध्यमले सत्यको खोजी गर्ने, सत्तालाई जवाफदेही बनाउने, पीडितको आवाजलाई प्राथमिकता दिने र न्याय प्रक्रियालाई सार्वजनिक चासोको केन्द्रमा राख्छन् । त्यसैले हामी सम्पूर्ण सञ्चारमाध्यम, पत्रकार, सम्पादक, डिजिटल प्लेटफर्म र जनमत निर्माणमा भूमिका खेल्ने सबै पक्षलाई जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिकता र कार्यान्वयनको प्रश्नलाई प्राथमिक सार्वजनिक मुद्दाका रूपमा उठाइराख्न, पीडित परिवार र घाइते आन्दोलनकारीहरूको आवाजलाई निरन्तर स्थान दिन, निर्वाचनको माहोलबीच न्यायको मुद्दा ओझेलमा पर्न नदिन र दण्डहीनता संस्थागत हुने जोखिमबारे खोजपरक तथा जिम्मेवार रिपोर्टिङ गर्न हार्दिक आग्रह गर्दछौं ।

शासक वर्ग विधिको शासनभन्दा माथि हुने कुप्रथाको अन्त्य गर्न, न्याय फेरि पनि नटारियोस् भन्ने सुनिश्चित गर्न र न्यायको पक्षमा सामूहिक दबाब निर्माण गर्न हामी यहाँहरू सम्पूर्णलाई आफ्नो प्रभुत्व, मञ्च, स्रोत-साधन र पहुँचको उपयोग गरी न्यायको मागलाई सशक्त आवाज दिनुहुन आग्रह गर्दछौं।

**भवदीय**

**जेन-जी जनआन्दोलनका प्रतिनिधि**